# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख १ गते २०५२ साल (अतिरिक्ताङ्क १


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नयाँ वर्षको अवसरमा २०५२ साल वैशाख १ गते देशवासीका नाममा बक्सेको सन्देश,

प्यारा देशवासीहरू,

नव वर्ष २०५२ को शुभारम्भमा सम्पूर्ण नेपालीहरूको सुख, सुस्वास्थ्य र समृद्धिको लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

नेपाली मात्रको जीवनस्तर माथि उठाइ स-सम्मान जीवन यापन गर्न सक्ने तुल्याउन देशमा भइरहेको आर्थिक विकासका प्रयासहरू आगामी दिनहरूमा अझ बढी उपलब्धीमूलक बनाउन सक्नु परेको छ । प्रजातान्त्रिक आदर्श र मर्यादा कायम राख्दै सबै नेपाली देश विकासको कार्यमा जुट्नु आजको आवश्यकता हो ।

नेपाल अधिराज्यको प्रतिष्ठा अभिवृद्धिको लागि सदैव प्रयत्नशील रहन आजको दिनले सबै नेपालीलाई प्रेरणा र जाँगर प्रदान गरोस् । यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरवारको सूचना

श्री ५ महाराजाधिराजबाट राजप्रासाद सेवा नियमावली बमोजिम २०५२ साल वैशाख १ गतेदेखि लागू हुने गरी सैनिक सचिव उपरथी श्री शान्तकुमार मल्ललाई प्रमुख सैनिक सचिव पदमा र निजी सचिब श्री चेतबहादुर कुंवरलाई प्रमुख निजी सचिव पदमा बढुवा गरिबक्सी प्रमुख सचिवालयका सचिव श्री पशुपविभक्त महर्जनलाई सोही सचिवालयको कायम मुकायम हाकिम मुकयर गरिबक्सेको छ ।

मौसूफबाट राजकीय सम्पत्ति कोष विभागका सह सचिव श्री शंकरराजविष्टलाई प्रमुख राजदरवार समारोह प्रबन्धक कार्यालयको सचिव पदमा र सह सैनिक सचिव श्री सूदनप्रसाद पोखरेललाई राजकीय सम्पत्ति कोष विभागको हाकिम सचिव पदमा सरुवा बढुवा गरिबक्सेको छ ।

राजप्रासाद सेवा नियमावली बमोजिम उमेरको हदबाट अवकाश पाउने पदाधिकारीहरूमा प्रमुख सचिव रेवतीरमण खनाल र मी.सु. श्री नारायणप्रसाद श्रेष्ठ हुनुहुन्छ ।

हुकुम बक्से बमोजिम,<br>
पशुपतिभक्त महर्जन<br>
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।